नेपाल सरकार

ऊर्जा मन्त्रालय

बुढीगण्डकी जल विद्युत आयोजना विकास समिति

# मुआब्जा वितरण तथा पूनर्वास पुनर्स्थापना इकाइको संयोजकको लागी

# कार्य सूची

डिसेम्वर २०१६

१. <u>भूमिका</u>

## १.१ आयोजनाको परिचय

गोरखा र धादिङ जिल्लाको बीचबाट बग्ने बुढीगण्डकी नदीमा निर्माण गरिने यो बुढीगण्डकी जलविद्युत आयोजना जलाशययुक्त परियोजना हो । आयोजनाको बाँध स्थलमा पुग्नको लागि काठमाडौंबाट पृथ्वी राजमार्गको ८० किमिको दुरीमा रहेको बेनिघाट हुदै त्रिशुली नदी पार गरी मूल सडकबाट २ कि.मि दुरी पार गर्नु पर्दछ । यो आयोजनाको पहिचान शुरुमा अर्थात सन् १९७८ मा SMEC ले गरको र यसको जडित क्षमता २००-३०० मे.वा. हुन सक्ने देखाएको थियो । त्यसपछी विद्युत विभागले सन, १९८२-८४ मा र सन, २०१०-११ मा नेपाल विद्युत प्राधिकरणबाट समेत गरेको अध्ययनले ६०० मेगावाट जडित क्षमताको जलाशययुक्त आयोजना हुनसक्ने देखाएको थियो । सन, १९९१ डिसेम्बर ६-१० तारिख सम्म नेपालका प्रधानमन्त्रीको भारत भ्रमण हुँदा यो आयोजना सन, १९९४ बाट निर्माण शुरु गर्ने गरी नेपाल-भारत विशेषज्ञ टोलीबाट संयुक्त रुपमा १९९२ मा DPR तयार गर्ने सहमति भएको थियो । यस्का लागि Financial Modality को अध्ययन गर्ने समेत सहमति भएको थियो । त्यसपछी नीजि क्षेत्रबाट विकास गर्ने प्रयासका वावजुद यस्को विकास हुन नसकेको अवस्था हो । त्यसपछी सन २०१२ को डिसेम्बर २ तारिखमा नेपाल विद्युत प्राधिकरण र परामर्शदातृ संस्था फ्रान्सको ट्राक्टवेल ईन्जिनियरिङसंग विस्तृत ईन्जिनियरिङ प्रतिवेदन तयार गर्न सम्झौता भएको थियो । पछि मिति २०६९/०८/१८ मा विकास समिति गठन भई उक्त आयोजना बुढीगण्डकी जलविद्युत आयोजना विकास समितिमा २०७०/०७/१३ मा हस्तान्तरण भएको र फ्रान्सको ट्राक्टवेल ईन्जिनियरिङ कम्पनी मार्फत आयोजनाको सम्भाव्यता अध्ययन, विस्तृत ईन्जिनियरिङ डिजाईन, टेण्डर डकुमेन्ट तयार भएको र वातावरणिय अध्ययन कार्य सम्पन्न भई सकेको, सोको प्रतिवेदन स्वीकृतीको प्रकृयामा जनसंख्या तथा वातावरण मन्त्रालयवाट स्वीकृत भै सकेको छ ।

बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना वर्षादको वहावलाई भण्डारण गरी सुख्खा याममा बिहान र वेलुकाको समयमा विद्युत आपूर्ति गर्ने गरी १२०० मेगावाट जडित क्षमताको प्रस्तावित महत्वपूर्ण आयोजना हो । यो आयोजनाको विकास गरेपछि पूर्ण जलाशयको सतहमा ६३ वर्ग कि.मि. को जलाशय अर्थात पोखराको फेवाताल भन्दा करिव १४ गुणा फराकिलो जलाशय बन्ने अध्ययन प्रतिवेदनले देखाएको छ । देशमा भईरहेको चरम लोडसेडिङको अन्त्य गर्न,हिउद र वर्षायाम बीच जलविद्युत उत्पादनको विद्यमान असन्तुलनलाई सम्बोधन गर्न र Peak Hour को उच्च मागलाई थेग्न Seasonal Regulation को लागि यथासिघ्र कार्यान्वयनमा लैजान सकिने यस किसिमको आयोजना बुढीगण्डकी मात्र रहेको छ । यसर्थ बुढीगण्डकी जस्तो जलाशययुक्त

आयोजनालाई अगाडी बढाउन अपरिहार्य देखिन्छ । जलाशयको पूर्ण जल सतह ५४० मि (masl) रहेको यस आयोजनाको बाँध २६३ मिटरअग्लो हुने छ ।

यसैगरी यो आयोजनावाट वार्षिक रुपमा ३,३८३ गिगावाट आवर र हिउदमा १,४०८ गिगावाट आवर उर्जा उत्पादन हुने र धेरै विद्युत खपत हुने काठमाडौ, पोखरा, नारायणघाट जस्ता महत्वपूर्ण शहरहरुको विचमा अवस्थित आयोजना भएको र देशको विद्युत माग परिपूर्ती गर्न अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने र यसको विकास भएपछि विद्युत उत्पादनको अतिरिक्त जलयातायात, सिचाई, खानेपानी, मत्स्यपालन, पर्यटन लगायत बहुउदेश्यीय आयोजनाको रुपमा पनि यसको विकास गर्न सकिने सम्भावना बोकेको छ । आयोजनाको लागि जग्गा लिदा जग्गा र घर दुवै अधिग्रहणमा परेर करिब ३,५६० घरधुरी विस्थापित हुनेछन् भने आर्थिक रुपमा ४,५५७ घरधुरी प्रभावित भई कुल ८,११७ घरधुरी प्रभावित हुने देखिन्छ । भौतिक रुपमा विस्थापित हुने जनसंख्या २०,२६० र आर्थिक रुपमा प्रभावित हुने जनसंख्या २५,३५१ समेत गरी जम्मा ४५,६११ जना प्रभावित हुनेछन् । जग्गा अधिग्रहणको लागि प्रकाशित सूचना अनुसार गोरखा जिल्ला तर्फ ३०,०७८ रोपनी र धादिङ जिल्ला तर्फ २८,०७५ रोपनी गरी जम्मा ५८,१५३ रोपनी निजी जग्गाको मुआब्जाको दर निर्धारण गरी मुआब्जा वितरण गर्नुपर्नेछ । आयोजनाको अनुमानित लागत करिव रु. २.६० खर्व रहेको छ ।

## १.२ बुढीगण्डकी जलविद्युत आयोजना विकास समितिको उदेश्यहरु

यस जलाशययुक्त आयोजनाबाट १२०० मे.वा. को जडित क्षमताबाट ३३८३ गिगावाट आवर विद्युतिय शक्ति बार्षिक उत्पादन गरी मुलुकको आर्थिक सामाजिक रुपान्तरणका लागि आवश्यक विद्युतिय ऊर्जा उत्पादन गर्ने उद्देश्य रहेको छ ।

## १.३ बुढीगण्डकी जलविद्युत आयोजना विकास समितिको काम, कर्तव्य र अधिकार

बुढीगण्डकी जल विद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९ अनुसार समितिको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेका छन् ।

क. आयोजनाको सर्भेक्षण, अध्ययन, अन्वेषण, मूल्यांकन र अनुगमन गर्ने वा गराउने,

ख. आयोजना आर्थिक तथा प्राविधिक रुपमा उपयुक्त देखिए आयोजनाको निर्माण तथा विकास कार्य गर्ने वा गराउने,

ग. आयोजनाको विकास तथा निर्माणका लागि आयोजनाको विकास प्रकृयामा स्थानीय जनताको सक्रिय सहभागिता कायम गराउने तर्फ आवश्यक नीति, योजना तथा कार्यक्रम तयार गर्ने,

घ. आयोजनाको निर्माणका लागि आवश्यकता अनुसार ठेक्का कार्यको व्यवस्थापन गर्ने,

ङ. आयोजनाको निर्माण सुपरिवेक्षण, अनुगमन तथा व्यवस्थापनका लागि आवश्यकता अनुसार परामर्श सेवा लिने,

च. आयोजनाको शीघ्र कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने वा गराउने,

छ. विद्युत आयोजनाको लागि लगत स्टिमेट स्वीकृत गर्ने,

ज. विद्युत आयोजना कार्यान्वयनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्पर्धाका आधारमा बोलपत्र आव्हान गर्ने प्रयाजनको  लागि बोलपत्रको कागजात तयार गर्ने,

झ. प्रचलित कानूनको अधीनमा रही बोलपत्र स्वीकृत गर्ने,

ञ. आयोजनाको निरीक्षण गर्ने र निरीक्षण गर्दा देखिएका समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

ट. समितिको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र यसको कार्यान्वयन गर्ने वा गराउने,

ठ. आयोजनाको कार्यान्वयन तथा संञ्चालनसंग सम्बद्ध तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**<u>१.४ बुढीगण्डकी जलविद्युत आयोजना विकास समितिको गठन</u>**

बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९ बमोजिम यस समितिको गठन भएको ।

**<u>१.५ पुनर्वास / पुनर्स्थापना इकाइको आवश्यकता, काम, कर्तव्य र अधिकार</u>**

नेपाल सरकारवाट मिति २०७३/०७/११ स्वीकृत कार्यविधि अनुसार पुनर्वास / पुनर्स्थापना इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

क. बुढीगण्डकी जलविद्युत आयोजनावाट प्रभावित परिवारहरुको जग्गा प्राप्ती, पुनर्वास तथा पुनर्स्थापना कार्य योजना (LARRAP) तयार गर्नुका साथै सो कार्य योजनालाई अन्तिम रुप दिई मुआब्जा वितरण कार्य प्रारम्भ गर्ने,

ख. आयोजनाको लागि आवश्यक पर्ने जग्गा प्राप्ती गर्नुका साथै क्षतिपूर्ति, पुनर्वास तथा पुनर्स्थापना सम्वन्धी रेकर्ड (Data Base) तयार गर्ने,

ग. जग्गा प्राप्ती, पुनर्वास तथा पुनर्स्थापना कार्य योजना (LARRAP) बमोजिम संचालन हुने योजना कार्यान्वयन गर्न तथा कार्यान्वयन गर्न तथा कार्यान्वयनका लागि सम्वन्धित मन्त्रालय तथा निकायहरुसँग समन्वय तथा सहयोग लिने,

घ. आयोजना प्रभावित व्यक्ति, समुदाय, स्थानीय संघ संस्थाहरुसँग नियमितरुपमा परामर्श तथा सम्वाद कायम गर्नुका साथै आयोजनाको विकास प्रकृयामा स्थानीय जनतालाई सक्रिय सहभागिता गराउने ।

ङ. आयोजनाको जग्गा प्राप्ती, पुनर्वास तथा पुनर्स्थापना सम्वन्धीकार्य गर्ने क्रममा कुनै कर्मचारी, अन्य व्यक्ति वा संस्थावाट अनुचितरुपमा आयोजनावाट फाइदा (जस्तै मुआब्जा, ठेक्कापट्टा आदि) लिने मनसाय देखिएमा सो को बारेमा स्वतन्त्र छानविन टोली गठन गरी सोही आधारमा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक कारवाही गर्न सिफारिस गर्ने,

च. वातावरण, जग्गा प्राप्ती, पुनर्वास तथा पुनर्स्थापना कार्य योजना (LARRAP) कार्यान्वयन गर्न आवश्यकता अनुसार विशेषज्ञ तथा परामर्श सेवा लिने,

छ. प्रचलित कानूनको अधिनमा रही पुनर्वास, पुनर्स्थापना तथा वातावरणीय एवम् सामाजिक कार्यहरुसँग सम्वन्धित बोलपत्र तयार पार्ने, स्वीकृत गर्ने, कार्यान्वयन गर्ने / गराउने ।

ज. वातावरण, जग्गा प्राप्ती, पुनर्वास तथा पुनर्स्थापना कार्य योजना (LARRP) कार्यान्वयन गर्न वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने । स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने वा गराउने ।

झ. आयोजनाको मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना, वातावरणीय एवम् सामाजिक कार्यहरुको योजना तर्जुमा गर्नुका साथै सो को कार्यान्वयन, अनुगमन तथा निरिक्षण गर्ने र निरिक्षण गर्दा देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्ने ।

ञ. आयोजनासँग सम्वन्धित गुनासो (Grievances) तथा सिकायतहरुको उचित रेकर्ड राखी मन्त्रालयबाट निर्धारण भए बमोजिम गुनासो निवारण समिति (Grievance Redress Committee) गठन गरी सो को सुनुवाई / व्यवस्थापन गर्ने ।

ट. आयोजनाको पुनर्वास तथा पुनर्स्थापना एवम् वातावरणीय तथा समाजिक (Resettlement & Rehabilitation and Environmental & Social Safeguard) कार्यहरुसँग सम्वन्धित अन्य कार्यहरु गर्ने वा गराउने ।

ठ. नेपाल सरकार, उर्जा मन्त्रालयले आयोजना विकास समितिलाई दिएको निर्देशन कार्यान्वयन गर्ने वा गराउने ।

१.६ <u>पुनर्वास / पुनर्स्थापना संयोजकको जिम्मेवारी, काम, कर्तव्य र अधिकार</u>

नेपाल सरकारवाट स्वीकृत कार्यविधि अनुसार संयोजकको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् ।

क. बुढीगण्डकी जलविद्युत आयोजनावाट प्रभावितको जग्गा प्राप्ती, पुनर्वास तथा पुनर्स्थापना कार्य योजना (LARRAP) तयार गर्नुका साथै सो कार्य योजनालाई अन्तिमरुप दिई मुआब्जा वितरण कार्य प्रारम्भ गर्ने वा गराउने,

ख. आयोजनाको लागि आवश्यक पर्ने जग्गा प्राप्ती गर्नुका साथै क्षतिपूर्ति, पुनर्वास तथा पुनर्स्थापना सम्वन्धी रेकर्ड (Data Base) तयार गर्ने वा गराउने,

ग. जग्गा प्राप्ती, पुनर्वास तथा पुनर्स्थापना कार्य योजना (LARRAP) बमोजिम संचालन हुने योजना कार्यान्वयन गर्नका लागि सम्वन्धित मन्त्रालय तथा निकायहरुसँग समन्वय तथा सहयोग लिने,

घ. आयोजना प्रभावित व्यक्ति, समुदाय, स्थानीय संघ संस्थाहरुसँग नियमितरुपमा परामर्श तथा सम्वाद कायम गर्नुका साथै आयोजनाको विकास प्रकृयामा स्थानीय जनतालाई सक्रिय सहभागिता गराउने ।

ङ. आयोजनाको जग्गा प्राप्ती, पुनर्वास तथा पुनर्स्थापना सम्वन्धीकार्य गर्ने क्रममा कुनै कर्मचारी, अन्य व्यक्ति वा संस्थावाट अनुचितरुपमा आयोजनावाट फाइदा (जस्तै मुआब्जा, ठेक्कापट्टा आदि) लिने मनसाय देखिएमा सो को बारेमा स्वतन्त्र छानविन टोली गठन गरी सो को आधारमा कारवाही गर्न सिफारिस गर्ने,

च. जग्गा प्राप्ती, पुनर्वास तथा पुनर्स्थापना कार्य योजना (LARRAP) कार्यान्वयनको सिलसिलामा आवश्यकता अनुसार कार्यकारी अधिकृतको संयोजनमा रही कार्य गर्ने,

छ. प्रचलित कानूनको अधिनमा रही पुनर्वास, पुनर्स्थापना तथा वातावरणीय एवम् सामाजिक कार्यहरुसँग सम्वन्धित बोलपत्र तयार पार्ने, स्वीकृत गर्ने,

ज. यस कार्यालयसँग सम्बन्धित वार्षिक बजेट तथा कार्यक्रम तयार गरी आयोजना विकास समितिसँग समन्वय गर्ने र सम्वन्धित मन्त्रालयबाट स्वीकृत गराई यसको कार्यान्वयन गर्ने वा गराउने,

झ. आफ्नो मातहतका कर्मचारीहरुको विदा स्वीकृत गर्ने, कर्मचारीहरुको सुपरिवेक्षण, निर्देशन, निरिक्षण एवम् कार्य सम्पादन मूल्याङ्कन गर्ने,

ञ. आयोजनाको मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना, वातावरणीय एवम् सामाजिक कार्यहरुको योजना तर्जुमा गर्नुका साथै सो को कार्यान्वयन, अनुगमन तथा निरिक्षण गर्ने र निरिक्षण गर्दा देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्ने ।

ट. आयोजनासँग सम्वन्धित गुनासो (Grievances) तथा सिकायतहरुको उचित रेकर्ड राखी मन्त्रालयबाट निर्धारण भए बमोजिम गुनासो निवारण समिति (Grievance Redress Committee) गठन गरी सो को सुनुवाई एवम् व्यवस्थापन गर्ने ।

ठ. आयोजनाको पुनर्वास तथा पुनर्स्थापना एवम् वातावरणीय तथा समाजिक कार्यहरुसँग सम्वन्धित कार्यहरुको प्रगती सम्बन्धमा आयोजना विकास समितिलाई Reporting गर्ने ।

ड. आयोजनाको पुनर्वास, पुनर्स्थापना एवम् वातावरणीय तथा सामाजिक कार्यहरुसँग सम्वन्धित अन्य कार्यहरु गर्ने वा गराउने ।

**१.७ संयोजकले समिति समक्ष पेश गर्नुपर्ने प्रतिवेदनहरु**

- मासिक प्रगति प्रतिवेदन
- चौमासिक प्रगति प्रतिवेदन
- अर्ध वार्षिक प्रगति प्रतिवेदन
- वार्षिक प्रगति प्रतिवेदन
- आवश्यकता अनुसार समय समयमा प्रगति प्रतिवेदन पेश गर्नुपर्ने छ ।

**१.८ कार्यगत सम्वन्धमा**

संयोजकले बुढीगण्डकी जलविद्युत आयोजना विकास समितिको मातहतमा रही कामकाज गर्नुपर्ने छ ।

**१.९ नियुक्तिको अवधि**

संयोजकको कार्य अवधि २ वर्षको हुनेछ ।

**१.१० पारिश्रमिक र अन्य सुविधाहरु**

संयोजकको पारिश्रमिक र अन्य सुविधाहरु निम्न अनुसार हुनेछन् ।

- मासिक पारिश्रमिक रु १२५,०००/-
- कार्य सम्पादनस्तर ८०% भन्दा माथि भए मासिक पारिश्रमिकको १००%
- दैनिक भ्रमण भत्ता नेपाल सरकार सहसचिवस्तर सरह

- विदा : निजामती कर्मचारी सरह भैपरी आउने तथा पर्व विदा, प्रसुती (स्याहार) विदा, किरिया विदा प्राप्त गर्नेछ तर संचित विदा वापत कुनै पनि किसिमको रकम उपलब्ध गराइने छैन ।
- सवारी साधन : सवारी साधन र नेपाल सरकार सहसचिवस्तरको इन्धन सुविधा ।

**१.११ शैक्षिक योग्यता**

इन्जिनियरिङ वा व्यवस्थापन वा समाजशास्त्र वा जनप्रशासन वा वातावरण वा कानून विषयमा कम्तीमा स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरेको ।

**१.१२ अनुभव**

जग्गा प्राप्ति वा वातावरण वा पुनर्वास वा पुनर्स्थापना वा सामाजिक व्यवस्थापनका क्षेत्रमा कम्तीमा ७ वर्षको कार्य अनुभव प्राप्त व्यक्ति यस पदमा नियुक्त हुन योग्य हुनेछ ।

**१.१३ उमेरको हद**

३५ वर्ष पूरा भई ६५ वर्ष ननाघेको ।

**१.१४ अन्य आवश्यकताहरु**

(क) व्यावसायिक कार्ययोजना

(ख) अनुभव खुल्ने प्रमाणपत्र

(ग) आवेदन गर्न पूर्व स्वीकृति

(घ) आवेदन

**१.१५ छनौटको किसिम**

संयोजकको छनौट खुल्ला प्रतिस्पर्धावाट गरिनेछ । मूल्याङ्कनका आधार देहाय बमोजिम हुनेछ:

(क) व्यावसायिक कार्ययोजना

(ख) कार्ययोजनाको प्रस्तुतीकरण

(ग) अन्तर्वार्ता

**१.१६ वैयक्तिक विवरण (Curriculum vitae)**

कार्य अनुभव र शैक्षिक योग्यता स्पष्ट देखिने गरि वैयक्तिक विवरण पेश गर्नु पर्नेछ ।

**१.१७ थप जानकारी**

उर्जा मन्त्रालयवाट प्राप्त गर्न सकिने छ ।